बुद्धभूमि नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हनुमानचोक बुड्ढी, कपिलवस्तु

लुम्बिनि प्रदेश, नेपाल

## ढुङ्गा, गिट्टी, बालुवा उत्खनन एंव संकलन गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।०५।१८

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) तथा ११ को उपदफा २ (घ) को खण्ड (६), लुम्बिनि प्रदेश सरकारको आर्थिक अध्यादेश, २०७८, नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन, बिक्रि तथा व्यवस्थापन मापदण्ड, २०७७ तथा लुम्बिनी प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ र बुद्धभूमि नगरपालिकाको आर्थिक ऐन,२०७८ अनुसार तोकिएका नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थको नगरपालिकाबाट तोकेको दररेट एंव स्थानबाट बिक्री गर्नु पर्ने भएकोले प्रारम्भिक वातावरणीय परीक्षणको स्वीकृत प्रतिवेदनमा उल्लेख भए बमोजिमका शर्तहरुको अधीनमा रही निम्नानुसारको न्यूनतम ठेक अंकमा नघट्ने गरी आ.व. २०७८/७९ मंसिर १ देखि तोकिएको परिमाण उठिसकेको अवस्थामा सोही अनुरुप अन्यथा २०७९ जेष्ठ मसान्तसम्मको लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा मूल्य अभिवृद्धि करमा दर्तावाल इच्छुक व्यक्ति, फर्म, कम्पनीले आफुले लिन चाहेको ठेक्काको बोलपत्र फाराम दस्तुर फिर्ता नहुने गरी बुझाई मिति २०७८ असोज १७ गते दिनको १२ बजे सम्म विद्युतीय खरिद प्रणालीले तोकेको समय भित्र छुट्टाछुट्टै E-Bidding मार्फत बोलपत्र खरिद गरेको रकम श्री एन.एम.बी बैंक गोरुसिंगे शाखामा रहेको आन्तरिक राजश्व खाता ०४४००५५९९७६०००१२ मा जम्मा गरी सोको सक्कल भौचर समावेश गरी आफुले कबोल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अंक र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिद्धारा आफुले कबोल गरेको ठेक्का अंकको ५ प्रतिशतका दरले हुन आउने धरौटी रकम यस बुद्धभूमि नगरपालिकाको नाममा श्री एन.एम.बी. बैंक, गोरुसिंगे शाखामा रहेको धरौटी खाता ०४४००५५९९७६०००४१ मा वा १२० दिन ( बोलपत्र खोलेको मितिबाट) सम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड बोलपत्र साथ राखी निर्दिष्ट स्थानमा बोलपत्र पेश गर्नुहुन र पेश हुन आएका बोलपत्रहरु मिति २०७८ असोज १७ गते दिनको २ बजे देखि यसै कार्यालयमा खोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। बोलपत्र स्वीकृत वा बदर गर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ। सूचनामा उल्लेख नभएको कुरा प्रचलित कानून बमोजिम हुनेछ। थप जानकारीका लागि नगरपालिकाको सूचना पाटी / website वा राजश्व शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

तपसिल:

नदिजन्य वस्तुको संकलन र बिक्री : (ढुङ्गा, गिट्टी, वालुवा र मिस्कट )

| सि.नं. | सूचना न. / बोलपत्र नं. | नदि/खोला/बोलपत्रको नाम<br>उत्खनन र निकासीका लागि तोकिएको स्थान | उत्खनन परिणाम (घन मिटर) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | 7/BM/REV/2078/079 | बाणगंगा खोला | २१६०० | रु.९१,५२,३५२। | ३०००। |
| २ | 8/BM/REV/2078/079 | गुडरुङ खोला खण्ड (ख) पचगै क्षेत्र २ | ८५५० | रु.३६,२२,८०६। | ३०००। |
| ३ | 9/BM/REV/2078/079 | गुडरुङ खोला खण्ड (ख) पचगै क्षेत्र ३ | २१८०२ | रु.९२,३७,९४४। | ३०००। |

अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner